बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

बागमती प्रदेश हेटौडा

## प्रस्ताव आह्वानको पुन: सूचना

## दोश्रो पटक प्रकाशन मितिः २०८२/१०/१५

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश, हेटौँडाको** चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन गर्न मिति २०८२/०८/२६ गतेको सूचनामा माग अनुसार पर्याप्त प्रस्ताव दर्ता हुन नआएको हुँदा दरखास्त आह्वानको लागि यो ७ (सात) दिनको समयसीमा राखी दोश्रो पटकका लागि प्रस्ताव आह्वानको पुन: सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित मितिले दरखास्त दिने अन्तिम मितिसम्म कार्यालय समय भित्र आइपुग्ने गरी तपसिलमा उल्लेखित कागजात सहित सम्बन्धित पशु सेवा कार्यालय वा यस निर्देशनालयमा प्रस्ताव दर्ता गर्नु हुन सूचित गरिन्छ। साथै रित नपुगी दर्ता भएका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश गरिने छैन ।

| क्र.स. | कार्यक्रमको नाम | कुल बजेट | इकाई | परिमाण | साझेदारी | कार्यविधि | अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १ | पशुपन्छी तथा मत्स्य व्यवसाय सहयोग कार्यक्रम (स्टार्टअप ग्रान्ट) | ७० लाख | पटक | १ | ५० प्रतिशत | कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय सहयोग कार्यक्रम (स्टार्टअप ग्रान्ट) कार्यान्वयन कार्यविधि, २०८२ | मिति २०८२/१०/२१ |

**<u>आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु</u>**

१) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,
२) जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा ५(पाँच) वर्षको करार सम्झौता पत्र,
३) कार्यक्रममा सहभागी गराई दिने सम्बन्धमा सम्बन्धित स्थानीय तहको सिफारिस
४).आवेदकको उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने
५) अनुसूची-२ बमोजिमको निवेदन
६).अनुसूचि-३ बमोजिमको प्रस्ताव
७).अनुसूचि-४ बमोजिमको प्रतिवद्धता पत्र
८).आवेदकले मान्यता प्राप्त शैक्षिक संस्थाबाट न्यूनतम SEE वा शो सरहको शैक्षिक योग्यता हासिल गरेको खुल्ने प्रमाणपत्रको प्रतिलिपि

**पुनश्चः** कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय सहयोग कार्यक्रम (स्टार्टअप ग्रान्ट) कार्यान्वयन कार्यविधि, २०८२ र आवश्यक अनुसूचीहरु यस निर्देशनालयको वेवसाईट <u>dolfd.bagamati.gov.np</u> बाट डाउनलोड गरि हेर्न सकिनेछ । साथै यस निर्देशनालयको सम्पर्क नम्बर ०५७-५२४३१९/०५७-२५४२५४ वा सम्बन्धित जिल्लाका पशु सेवा कार्यालयमा सम्पर्क गरी कार्यक्रमको बारेमा विस्तृत जानकारी लिन सकिनेछ ।

**निर्देशक**